कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम काम कारोबार गर्ने

# कन्काई विकास बैंक लिमिटेड
# KANKAI BIKAS BANK LIMITED


रजिष्टर्ड कार्यालयः दमक-११, झापा, नेपाल
फो.नं.: ०२३-५८४७४९/५८४४४९ फ्याक्स नं.: ०२३-५८५४४९
इमेल : kbbl@kankaibank.com.np, Website:www.kankaibank.com.np


को

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू

**दरखास्तसाथ प्रति शेयर रू.१००- को दरले माग गरिएको**

चुक्ता पूँजी रु. १५,००,००,००० को १:२.१४ को अनुपातमा (अर्थात् विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.१४ कित्ता शेयरको दरले) शेयरधनीहरुलाई रु.३२,१०,००,००० मूल्य बराबरको प्रति शेयर रु.१००/– अंकित दरका कुल ३२,१०,००० कित्ता शेयरहरुको हकप्रद निष्काशन गर्नका लागि प्रकाशित

## निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ । यस विकास बैंकले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरुबारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/०२/१४
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७४/०४/०९
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७४/०५/११

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**


पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेलः scl@siddharthacapital.com
वेवसाइटः www.siddharthacapital.com

**(क) संगठित संस्थाको नाम :**<u>कन्काई विकास बैंक लिमिटेड</u>

**(Kankai Bikas Bank Ltd.)**

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :**यस विकास बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय दमक-११, झापामा रहेको छ ।

**(ग) कारोवार स्थान:** यस विकास बैंकको कारोबार गर्ने मुख्य स्थान दमक-११, झापामा रहेको छ र शाखा कार्यालयहरु झापा जिल्लाको दमक, काकडभिट्टा, विर्तामोड, झिलझिले, गौरादह र राजगढमा, मोरङ जिल्लाको पथरी, खोर्साने र विराटनगरमा र इलाम जिल्लाको राँके, मंगलवारे र विब्ल्याँटेमा रहेका छन् ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**संगठित संस्थाको संक्षिप्त परिचय :**

कन्काई विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम २०६३/०४/२८ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस विकास बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानुनको अधिनमा रहेको र विकास बैंकको रुपमा २०६४/०१/०५ गते वित्तीय कारोवार गर्न स्वीकृत प्राप्त गरी मिति २०६४/०१/२० देखि वित्तीय कारोवार प्रारम्भ गरेको हो । यस विकास बैंकका प्रवर्द्धकहरु तथा हालका संस्थापकहरु लामो समयदेखि बैंक तथा बित्तीय संस्था संचालन सम्बन्धी अनुभव प्राप्त व्यक्तिहरु रहनु भएको छ ।

**संगठित संस्थाको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार (बैकिङ तथा वित्तीय व्यवसाय) गर्ने यस विकास बैंकको मुख्य उदेश्य देहाय बमोजिम हुनेछ :

(क) विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

**(ङ) शेयर पूँजीको संरचना :**

**(क) अधिकृत पूँजी :** विकास बैंकको अधिकृत पूँजी रु.७५,००,००,०००/- (अक्षरेपी रु.पचहत्तर करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले ७५,००,००० (पचहत्तर लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**(ख) जारी पूँजी** : विकास बैंकको जारी पूँजी रु.४७,१०,००,०००/- (अक्षरेपी रु.सरचालिस करोड दश लाख मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले ४७,१०,००० (सरचालिस लाख दश हजार) थान शेयरमा विभाजन गरिएको छ ।

**(ग) चुक्ता पूँजी :** विकास बैंकको हाल चुक्ता पूँजी रु.१५,००,००,०००/- (अक्षरेपी रु.पन्ध्र करोड मात्र) रहेको छ । जसलाई रु.१००/– का दरले १५,००,००० (पन्ध्र लाख) थान शेयरमा विभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजी रु.४७,१०,००,०००/- (अक्षरेपी रु.सरचालिस करोड दश लाख मात्र) रहने छ ।

(च) **हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ७,६५,००० | ५१% | ७,६५,००,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | ७,३५,००० | ४९% | ७,३५,००,००० | शतप्रतिशत |
| | **जम्मा** | **१५,००,०००** | **१००%** | १५,००,००,००० | |

**हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २४,०२,१०० | ५१% | २४,०२,१०,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | २३,०७,९०० | ४९% | २३,०७,९०,००० | शतप्रतिशत |
| | **जम्मा** | **४७,१०,०००** | **१००%** | ४७,१०,००,००० | |

(छ) **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या**

बैंकको हालका शेयरधनीहरु र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम छ :

बैंकको मिति २०७३।२।२६ गते सम्म कायम संस्थापक शेयरधनीहरु र उनीहरुले लिएको संस्थापक शेयर संख्या निम्न बमोजिम छ :

| क्र.सं. | नाम | ठेगाना | संस्थापक शेयर |
|---|---|---|---|
| | समूह "क" | | |
| १. | श्री मान वहादुर बुढाथोकी | दमक १३, झापा | ११०५९६ |
| २. | श्री माधव प्रसाद पराजुली | दमक १२, झापा | ११०५९६ |
| ३. | डा. मुक्तिनाथ भँ राई | दमक १०, झापा | ५२८०४ |
| ४. | श्री सेवक दाहाल | दमक १३, झापा | ६०१०६ |
| ५. | श्री हरिराज विमली | दमक १३, झापा | ६०१०६ |
| ६. | श्री बसन्त पौडेल | बाह्रावारी-३ काठमाण्डौं | २२२४० |
| ७. | श्री सुवास चन्द्र भँ राई | दमक १०, झापा | ३९०६९ |
| ८. | श्री दुर्गा प्रसाद प्रसाई | दमक १३, झापा | ३७२६६ |
| ९. | श्री सहदेव आचार्य | दमक ९, झापा | ३००५३ |
| १०. | श्री राजन कुमार पोखरेल | इटहरी १, सुनसरी | १२०२२ |
| ११. | श्री बद्री बुढाथोकी | दमक १३, झापा | ३००५३ |
| १२. | श्री शंकर बुढाथोकी | दमक १३, झापा | १२०२१ |
| १३. | श्री कृष्ण भक्त सुवेदी | दमक १०, झापा | ३१८५६ |
| १४. | श्रीमती कृतिका गौतम | दमक १०, झापा | २४०५ |
| १५. | श्री गुणराज अधिकारी | दमक ११, झापा | ३००५३ |
| १६. | श्री नेत्र प्रसाद सुवेदी | बेलवारी ३, मोरङ | १२०२१ |
| १७. | श्री विश्वराज अधिकारी | दमक ११, झापा | २४०४३ |
| १८. | श्री राज कुमार नेपाल | दमक ११, झापा | ९०१६ |
| १९. | श्री मोहन मदन बुढाथोकी | मेचीनगर १, झापा | २४०४ |
| २०. | डा. दण्डपाणी पौडेल | काठमाण्डौं, ११ | ४८०९ |
| २१. | श्री पदम बहादुर जोशी | दमक १५, झापा | ६०२ |

| | | | |
|---|---|---|---|
| २२. | श्री रेवती दाहाल | दमक १३, झापा | ६०११ |
| २३. | डा. सूर्य नारायण साह | गिद्धा १, धनुषा | १२०२२ |
| २४. | श्री मित्र बहादुर विष्ट | दमक १३, झापा | २३४ |
| २५. | श्री डिल्ली प्रसाद काफ्ले | उर्लाबारी २ मोरङ | ४५०८ |
| २६. | श्री ध्रुब कुमार भँ राई | काठमाण्डौं, १३ | १२०२ |
| २७. | श्री अशोक क्षेत्री | धरान १३, सुनसरी | १८०३ |
| २८. | श्री हरि प्रसाद जैसवाल | दमक १०, झापा | १२०३ |
| २९. | डा. बिमला बुढाथोकी | दमक १३, झापा | २४०५ |
| ३०. | श्री रबी न्यौपाने | दमक १३, झापा | ३००५ |
| ३१. | श्री प्रकाश कार्की | गौरादह ४, झापा | ४८०९ |
| ३२. | श्री दिवस राई | दमक १०, झापा | ९६१७ |
| ३३. | श्री राज कुमार राई | तोपगाछी ५, झापा | ९६१७ |
| ३४. | श्री यज्ञराज पन्त | लखनपुर ८, झापा | ३३६६ |
| ३५. | श्री अमृत बहादुरा कटुवाल | दमक १३, झापा | १४४३ |
| ३६. | श्रीमती तारा देवी ढकाल | दमक १०, झापा | ९६१७ |
| | **संस्थापक शेयरधनीहरूको जम्मा शेयर** | | **७,६५,०००** |
| | **सर्वसाधारण शेयरधनीहरूको जम्मा शेयर** | | **७,३५,०००** |
| | **जम्मा शेयर** | | **१५,००,०००** |

**(ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

विकास बैंकले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयरको १:२.१४ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ दुई दशमलव एक चार कित्ताको दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले भुक्तानी माग गर्ने गरी रु.३२,१०,००,०००/– शेयर पूँजी बराबर प्रति शेयर रु. १००/– अंकित दरका कुल ३२,१०,००० कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

विकास बैंकको मिति २०७३/०८/२५ मा बसेको दशौं वार्षिक साधारण सभाबाट पारित निर्णय अनुसार १:२.१४ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.१४ कित्ताको दरले) ३२,१०,००० कित्ता हकप्रद शेयर निष्काशन गर्ने सर्वसम्मतिबाट निर्णय गरिएको छ ।

**(ञ) सञ्चालकहरुको परिचय**

बैंकको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनु भएको छ :

| क्र.सं. | संचालकहरुको नाम | प्रतिनिधित्व समूह | पद | शैक्षिक योग्यता | ठेगाना | व्यवसायिक अनुभव |
|---|---|---|---|---|---|---|
| १. | सेवक दाहाल | संस्थापक | अध्यक्ष | एम.ए. | दमक- ८ | झापा, दमकमा संचालित औषधी व्यवसायीक संस्था दी फर्मा ईण्टरप्राईजेजमा १५ वर्षको प्रोप्राईटरसीपको अनुभव |
| २ | गुणराज अधिकारी | संस्थापक | संचालक | एम.बी.ए. | दमक- ६ | झपा, दमकमा संचालनमा रहेको विभिन्न स्कूल तथा कलेजहरुमा ११ वर्षको प्राध्यापन तथा प्राचार्यको अनुभव |
| ३ | डा. मुक्तिनाथ भट्टराई | संस्थापक | संचालक | एम.डी. | दमक- ५ | मेडिकल डाक्टरको रुपमा फेमिली मेडिसीन विशेषज्ञ र झापा, दमकमा संचालनमा रहेको लाईफ लाईन अस्पतालको निर्देशकको रुपमा २५ वर्षको अनुभव |
| ४ | बसन्त पौडेल | संस्थापक | संचालक | एम.बी.ए. | बाँसबारी -३, काठमाण्डौं | वित्तीय परामर्शदाता तथा रजिष्टर्ड अडिटरको रुपमा १४ वर्षदेखि कार्यरत रहनुको साथै हाल ग्लोवल एग्रो प्रडक्ट प्रा.लि.मा अध्यक्ष, वी पौडेल एण्ड कम्पनीमा प्रोप्राइटर, एन एन ह्याचरी प्रा.लि.मा संचालक, ग्लोवल ह्याचरी प्रा.लि.मा संचालक र मौलाकाली इन्भेष्टमेन्ट कम्पनी लि.मा संचालकको अनुभव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | अरुण कुमार अधिकारी | सर्वसाधारण | संचालक | स्नातक | दमक- ७ | राष्ट्रिय वाणिज्य बैंक लि.को क्षेत्रीय अधिकृतमा ७ वर्ष र विभिन्न शाखाहरुको शाखा प्रबन्धकमा २० वर्षको अनुभव र हाल सुनचाँदी व्यवसायी |
| ६ | प्रेम प्रसाद सुवेदी | सर्वसाधारण | संचालक | एम.ए. | उर्लाबारी-७, मोरङ्ग | झपा र मोरङ्गमा संचालनमा रहेको विभिन्न स्कूल तथा कलेजहरुमा ३० वर्षको प्राध्यापन तथा प्राचार्यको अनुभव |

**विकास बैंकका कार्यकारी प्रमुखको विवरण :**

| नाम | योग्यता | ठेगाना | अनुभव |
|---|---|---|---|
| प्रकाश मान बज्राचार्य | एम.बी.ए.<br>एल.एल.बी. | भक्तपुर ३, तचपाल | नायब महाप्रबन्धक - सिभिल क्यापिटल मार्केट लि.मा एक वर्ष<br>महाप्रबन्धक - सिभिक डेभलपमेण्ट बैंक लि.मा चार वर्ष<br>प्रवन्धक- नेपाल फाइनान्स लि.मा एक वर्ष<br>वरिष्ठ सहायकदेखि नायब मुख्य प्रवन्धक- कर्जा सुचना केन्द्रमा बीस वर्ष |

## (ट) सञ्चालक समितिको बनौट :

विकास बैंकको नियमावलीको नियम ८(२) मा भएको व्यवस्था अनुसार ८ (आठ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छ

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण समूहका शेयरधनीबाट मनोनित वा निर्वाचित | ३ (तीन) जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट समितिले नियुक्त गरेको व्यावसायिक सञ्चालक | १ (एक) जना |

## (ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मार्फत निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:२.१४ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.१४ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् । दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनु पर्नेछ । शेयरधनीले आफ्नो कायम हकभन्दा कम शेयरका लागि आवेदन दिन सक्नेछन् ।

## (ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

हकप्रद शेयर खुल्ला अवधीमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहेमा संचालक समितिको निर्णय अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

## (ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन पाउने छैनन् । आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता ३.४ हुन आएमा ४ कित्ताका लागि प्रति शेयर रु.१००/- कित्ताका दरले रु.४००/- बुझाई आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**(ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ**

विकास बैंकको विगत तीन आर्थिक वर्ष (आ.व.) को लेखापरीक्षण भएको वित्तीय विवरण, दोस्रो त्रैमासिक २०७३/७४ को आर्थिक विवरण तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

## वासलात

(रकम रू.हजारमा)

| पूँजी तथा दायित्व | वास्तविक | | | आ.ब.०७३/०७४ चैत्र मसान्तको अपरिष्कृत * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १. शेयर पूँजी | १००,००० | १२५,००० | १५०,००० | १५०,००० | ५००,००० | ५००,००० | ५००,००० |
| २. जगेडा तथा कोषहरु | १६,५५६ | १६,८०० | २३,७७१ | ५४,३५९ | ३३,४२५ | ९५,०४३ | १८५,५३५ |
| ३. ऋणपत्र तथा बण्ड | | | | | | | |
| ४. तिर्न बाँकी कर्जा सापट | - | - | - | - | - | - | - |
| ५. निक्षेप दायित्व | ९०८,६१३ | १,१०१,९२६ | १,२७९,१०० | १,४२६,८३७ | १,४९७,८३६ | १,७९९,२८२ | २,२८५,५५१ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | | | | | | |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | १०,९६७ | १,३१६ | १,३१६ | - | १,५२६ | ३६,८४२ | ७८,९४७ |
| ८. आयकर दायित्व | | | - | १३,४८४ | - | - | - |
| ९. अन्य दायित्व | ७,१३९ | ९,३२१ | ११,२३३ | ३७,७२९ | १३,२३३ | २३,१५८ | २७,७८९ |
| **कुल दायित्व** | **१,०४३,२७५** | **१,२५४,३६३** | **१,४६५,४२१** | **१,६८२,४०९** | **२,०४६,०२१** | **२,४५४,३२५** | **३,०७७,८२४** |

| सम्पत्ति | वास्तविक | | | आ.ब.०७३/०७४ चैत्र मसान्तको अपरिष्कृत * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १. नगद मौज्दात | ८४,८१८ | १०८,४८० | ७१,५०१ | ५६,८२७ | ३७,४४६ | ४४,९८२ | ५७,१३९ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५० | ५,८६६ | ४६,२१२ | १७,२८६ | ७४,८९२ | ८९,९६४ | ११४,२७८ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ४३,१९३ | ४८,७११ | ४२,९०४ | ३८,६३७ | ४२७,४२९ | २५२,४६१ | ३२६,४५६ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | १९८,४६५ | २५५,४०१ | २५८,९३९ | ३८८,८०९ | १४९,७८४ | १७९,९२८ | २२८,५५५ |
| ५. लगानी | १०० | १०० | १०० | ४२६ | ५५५ | ६९४ | ८६७ |
| ६. कर्जा सापट तथा बिल खरिद | ६९०,१७४ | ८१३,८७६ | १,०२०,८५५ | १,१५१,१४५ | १,३१०,३४१ | १,८३४,२९१ | २,२९१,१७० |
| ७. स्थिर सम्पत्ति | १६,६६५ | १७,३९९ | १९,७०८ | २६,८३४ | ३७,४४५ | ४३,०६२ | ४९,५२१ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्ति | ९,८१० | ४,५३० | ५,२०१ | ३९,४४९ | ८,१३० | ८,९४३ | ९,८३८ |
| **कुल सम्पत्ति** | **१,०४३,२७५** | **१,२५४,३६३** | **१,४६५,४२१** | **१,६८२,४०९** | **२,०४६,०२१** | **२,४५४,३२५** | **३,०७७,८२४** |

## नाफा नोक्सान हिसाब

(रकम रू. हजारमा)

| विवरण | वास्तविक | | | आ.ब.०७३/०७४ चैत्र अपरिष्कृत * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. व्याज आम्दानी | १००,१५९ | १२१,२२७ | १४१,९५२ | १३२,८३५ | १८५,१८२ | २४५,३२५ | ३२१,५०४ |
| २. व्याज खर्च | ५०,५०५ | ५४,४७४ | ६०,६६० | ५४,०६९ | ९०,२५० | १०७,१५६ | १३२,७५७ |
| **खुद ब्याज आम्दानी** | **४९,६५४** | **६६,७५३** | **८१,२९२** | **७८,७६६** | **९४,९३१** | **१३८,१६९** | **१८८,७४७** |
| ३. कमिशन तथा डिस्काउण्ट | १,१३४ | १,३६० | १,८८८ | १,५१७ | २,८३१ | ३,६८१ | ४७८६ |
| ४. अन्य संचालन आम्दानी | ९,४७९ | ९,३४० | ११,८३० | ७,८७५ | १३,६६७ | १७,०८४ | २१,३५४ |
| ५. सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **६०,२६७** | **७७,४५३** | **९५,००९** | **८८,१५८** | **१११,४३०** | **१५८,९३४** | **२१४,८८७** |
| ६. कर्मचारी खर्च | ११,२८० | १६,४८१ | २०,०४१ | १८,८७८ | २३,९२१ | २८,८४५ | ३४,८९६ |
| ७. अन्य संचालन खर्च | १६,२४६ | १८,१८७ | १९,६७८ | १७,३५१ | २३,७८८ | २६,६९९ | ३०,४६९ |
| ८. सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| **सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा** | **३२,७४१** | **४२,७८६** | **५५,२९०** | **५१,९२९** | **६३,७२२** | **१०३,३९१** | **१४९,५२३** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ३,५९४ | १,१०९ | २,९७१ | २,४७६ | २,९८० | ६,५६२ | ७,३२० |
| **संचालन मुनाफा/(नोक्सान)** | **२९,१४७** | **४१,६७७** | **५२,३१९** | **४९,४५३** | **६०,७४२** | **९६,८२८** | **१४२,२०२** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | २४२ | ९ | २ | - | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | २७२ | ३९१ | २ | - | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२९,६६०** | **४२,०७८** | **५२,३२३** | **४९,४५३** | **६०,७४२** | **९६,८२८** | **१४२,२०२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - | (१४) | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **२९,६६०** | **४२,०७८** | **५२,३२३** | **४९,४३९** | **६०,७४२** | **९६,८२८** | **१४२,२०२** |
| १३.कर्मचारी बोनस व्यवस्था | २,६९६ | ३,८२५ | ४,७५७ | ४,४९४ | ५,५२२ | ८,८०३ | १२,९२७ |
| १४.आयकर ब्यबस्था | *७,८४५* | *११,६९२* | *१४,२७९* | *१३,४८४* | *१६,५६६* | *२६,४०८* | *३८,७८२* |
| यस वर्षको | ८,०२४ | ११,८०६ | १४,४८४ | ३१,४८४ | *१६,५६६* | *२६,४०८* | *३८,७८२* |
| गत वर्षको | | - | - | | | | |
| पर सारिएको आयकर दायित्व | (१७९) | (११५) | (२०५) | - | | | |
| **खुद मुनाफा/(नोक्सान)** | **१९,११९** | **२६,५६१** | **३३,२८८** | **३१,४६१** | **३८,६५४** | **६१,६१८** | **९०,४९२** |
| शेयर संख्या (हजारमा) | १,००० | १,२५० | १,५०० | १,५०० | ५,००० | ५,००० | ५,००० |
| प्रति शेयर आम्दानी (रु.) | १९.१२ | २१.२५ | २२.१९ | २०.९७ | ७.७३ | १२.३२ | १८.१० |

## नाफा नोक्सान बांडफांड हिसाव

(रकम रू. हजारमा)

| विवरण | वास्तविक | | | आ.ब.०७३/०७४ चैत्र अपरिष्कृत * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| **आम्दानी** | | | | | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | २,४६७ | ७,०५७ | १,८७५ | १,९८४ | १,९८४ | २,३८१ | १४,८३३ |
| २. यस वर्षको मुनाफा | १९,११९ | २६,५६० | ३३,२८८ | ३१,४६१ | ३८,६५४ | ६१,६१८ | ९०,४९२ |
| ३. सटही घटबढ कोष | | | | | | | |
| **जम्मा** | **२१,५८७** | **३३,६१९** | **३५,१६२** | **३३,४४५** | **४०,६३८** | **६३,९९९** | **१०५,३२५** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **खर्च** | | | | | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | | | | | | | |
| २. यस वर्षको नोक्सान | | | | | | | |
| ३. साधारण जगेडा कोष | ३,८२४ | ५,३१२ | ६,६५८ | ६,२९२ | ७,७३१ | १२,३२४ | १८,०९८ |
| ४. भैपरी आउने जगेडा ( पर सारेको कर) | | | | | | | |
| ५. संस्था विकास कोष | | | | | | | |
| ६. लाभांश समीकरण कोष | | | | | | | |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | - | - | | | |
| ८. प्रस्तावित लाभांश | १०,५२६ | १,३१६ | १,३१६ | | १,५२६ | ३६,८४२ | ७८,९४७ |
| ९. प्रस्तावित बोनस शेयर जारी | | २५,००० | २५,००० | | २९,००० | - | - |
| १०. विशेष जगेडा कोष | | | | | | | |
| ११. सटही घटबढ कोष | | | - | - | - | - | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | | | | | | | |
| १३. पूँजी समायोजन कोष | | | | | | | |
| १४. स्थगन कर जगेडा | १७९ | ११५ | २०५ | - | - | - | - |
| १४. अन्य | | | | | | | |
| **जम्मा** | **१४,५२९** | **३१,७४३** | **३३,१७८** | **६,२९२** | **३८,२५८** | **४९,१६६** | **९७,०४६** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **७,०५७** | **१,८७४** | **१,९८४** | **२७,१५३** | **२,३८१** | **१४,८३३** | **८,२७९** |

## नेटवर्थ सम्बन्धी विवरण

(रकम रू.हजारमा)

| विवरण | वास्तविक | | | आ.ब.०७३/०७४ चैत्र अपरिष्कृत * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| चुक्ता पुंजी | १००,००० | १२५,००० | १५०,००० | १५०,००० | ५००,००० | ५००,००० | ५००,००० |
| जगेडा तथा कोषहरु | १६,५५६ | १६,८०० | २३,७७१ | ५४,३५९ | ३३,४२५ | ९५,०४३ | १८५,५३५ |
| **कुल** | **११६,५५६** | **१४१,८००** | **१७३,७७१** | **२०४,३५९** | **५३३,४२५** | **५९५,०४३** | **६८५,५३५** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | (५५४) | (६६९) | (८७४) | (८७४) | (१,३११) | (१,५७३) | (१,८८८) |
| **कुल नेटवर्थ ®** | **११६,००२** | **१४१,१३१** | **१७२,८९८** | **२०३,४८५** | **५३२,११४** | **५९३,४७०** | **६८३,६४८** |
| शेयर संख्या (हजारमा) | १,००० | १,२५० | १,५०० | १,५०० | ५,००० | ५,००० | ५००० |
| प्रति शेयर नेटवर्थ (रु.) | ११६ | ११३ | ११५ | १३५.६६ | १०६ | ११९ | १३७ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

* लेखापरिक्षण नभएको तर वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणीत भएको ।

® प्रकाशित वित्तीय विवरणमा प्रस्तुत गरिएको कुल नेटवर्थ गणना गर्दा अपलेखन गर्न बाँकी खर्चलाई नघटाइएको हुँदा माथि प्रस्तुत गरिएको कुल नेटवर्थ संग फरक पर्न गएको ।

## वित्तीय प्रक्षेपणका आधार तथा तरीका

| विवरण | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
|---|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १६.०८% | १७.१०% | २०.१३% | २७.०३% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | २५.४३% | २८.३६% | ३९.९९% | २४.९१% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ७०.२६% | ६४.५१% | ७६.६१% | ७७.१२% |
| ४. कुल आयमा औषत बृद्धिदर | १८.००% | २९.५६% | ३१.९४% | ३०.६५% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १४.५२% | ३६.३७% | २०.१०% | २१.३८% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | २५.५१% | २३.६६% | २०.८७% | १८.८०% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | २५.३३% | १६.१२% | ५९.४१% | ४६.८६% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | २.३३ | ६.५० | ६.५० | ६.५० |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १३.९२ | १५.०० | १५.०० | १५.०० |
| १०.आयकर व्यवस्था (प्रतिशतमा) | ३०% | ३०% | ३०% | ३०% |
| ११. लगानीमा प्रतिफल वा प्रतिशेयर आम्दानी | २२.१९ | ७.७३ | १२.३२ | १८.१० |
| १२. अन्य संचालन खर्चका वृद्धिदर | ८.२०% | २०.८८% | १४.२४% | १४.१२% |
| १३. कर्मचारी खर्चमा बृद्धिदर | २१.६०% | १९.३६% | २०.५९% | २०.९८% |

नोट: बृद्धिदर गत आ.ब. को आधारमा गणना गरिएको छ ।

**त) विकास बैंकको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा-नोक्सान हिसावको विवरण :**

संस्थाको आ.व.२०७२/०७३ को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाबको विवरण देहाय बमोजिम रहेको छ।

**वासलात**

**२०७३ आषाढ मसान्त**

(रकम रु.हजारमा)

| पूँजी तथा दायित्व | आ.ब.०७२/०७३ |
|---|---|
| १. शेयर पूँजी | १५०,००० |
| २. जगेडा तथा कोषहरु | २३,७७१ |
| ३. ऋणपत्र तथा बण्ड | |
| ४. तिर्न बाँकी कर्जा सापट | - |
| ५. निक्षेप दायित्व | १,२७९,१०० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | १,३१६ |
| ८. आयकर दायित्व | - |
| ९. अन्य दायित्व | ११,२३३ |
| **कुल दायित्व** | **१,४६५,४२०** |

| सम्पत्ति | आ.ब.०७२/०७३ |
|---|---|
| १. नगद मौज्दात | ७१,५०१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४६,२१२ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ४२,९०४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | २५८,९३९ |

| | |
|---|---|
| ५. लगानी | १०० |
| ६. कर्जा सापट तथा बिल खरिद | १,०२०,८५५ |
| ७. स्थिर सम्पत्ति | १९,७०८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ५,२०१ |
| **कुल सम्पत्ति** | **१,४६५,४२०** |

## नाफा नोक्सान हिसाब

(रकम रू.हजारमा)

| विवरण | आ.ब.०७२/०७३ |
|---|---|
| १. व्याज आम्दानी | १४१,९५२ |
| २. व्याज खर्च | ६०,६६० |
| **खुद ब्याज आम्दानी** | **८१,२९१** |
| ३. कमिशन तथा डिस्काउण्ट | १,८८८ |
| ४. अन्य संचालन आम्दानी | ११,८३० |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **९५,००९** |
| ६. कर्मचारी खर्च | २०,०४१ |
| ७. अन्य संचालन खर्च | १९,६७८ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा** | **५५,२९०** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | २,९७१ |
| **संचालन मुनाफा/(नोक्सान)** | **५२,३१९** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | २ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | २ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **५२,३२३** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **५२,३२३** |
| १३.कर्मचारी बोनस व्यवस्था | ४,७५७ |
| १४.आयकर व्यवस्था | *१४,२७९* |
| यस वर्षको | १४,४८४ |
| गत वर्षको | - |
| पर सारिएको आयकर दायित्व | (२०५) |
| **खुद मुनाफा/(नोक्सान)** | **३३,२८८** |
| शेयर संख्या (हजारमा) | १,५०० |
| प्रति शेयर आम्दानी (रु.) | २२.१९ |

## नाफा नोक्सान वाँडफाँड हिसाव

(रकम रू. हजारमा)

| विवरण | आ.ब.०७२/०७३ |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | १,८७५ |
| २. यस वर्षको मुनाफा | ३३,२८८ |
| ३. सटही घटबढ कोष | |
| **जम्मा** | **३५,१६२** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | |
| २. यस वर्षको नोक्सान | |
| ३. साधारण जगेडा कोष | ६,६५८ |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | |
| ५. संस्था विकास कोष | |
| ६. लाभांश समीकरण कोष | |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |

| | |
|---|---|
| ८. प्रस्तावित लाभांश | १,३१६ |
| ९. प्रस्तावित बोनस शेयर जारी | २५,००० |
| १०. विशेष जगेडा कोष | |
| ११. सटही घटबढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | |
| १३. पूँजी समायोजन कोष | |
| १४. स्थगन कर जगेडा | २०५ |
| १४. अन्य | |
| **जम्मा** | **३३,१७८** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **१,९८४** |

## (थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :

(क) बैंक तथा वित्तीय संस्थाहरुको आपसी प्रतिस्पर्धाबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
(ख) नयाँ कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
(ग) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
(घ) देशको राजनीतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाढ हुनसक्ने जोखिमहरु ।
(च) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति, नियममा हुने परिवर्तनवाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(छ) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(ज) कर्जा तथा लगानीको दायरा साघुँरिएर उत्पन्न हुनसक्ने जोखिमहरु ।
(झ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(ञ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने जोखिमहरु ।
(ट) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(ठ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(द) तरलता अभावका कारण हुनसक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न विकास बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ :
विकास बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । विकास बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुवाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

**<u>धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :</u>**
निष्काशन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

## (द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २१ मा भएको व्यवस्था बमोजिम हकप्रद शेयरको बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र बाँडफाँट गरी सम्बन्धित लगानीकर्तालाई बाँडफाँटपत्र र फिर्ता भुक्तानी दिईनेछ ।

## (ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा बैंकको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ ।
क) विकास बैंकको रजिष्टर्ड कार्यालय, दमक-११, झापा

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं स्थित कार्यालयबाट ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण**

प्रत्याभुत नगरिएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

बैंकले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरु मध्ये हितग्राही खाता नभएका शेयरधनीहरुको हकमा हितग्राही खाता माग गरि तथा हितग्राही खाता भएका शेयरधनीहरुको हकमा निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको ।

**(ब) हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र आफ्नो नाममा कायम शेयरको १:२.१४ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ २.१४ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा बैंकद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनु पर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्ने हुनाले यकिन गरी आवेदन गर्नुपर्नेछ ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**

(१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा कन्काई विकास बैंक लिमिटेड वा कन्काई विकास बैंक लिमिटेडको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेडमा निवेदन दिई मनोनयन गर्न सक्नेछः-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

(२) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(३) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।

ख) संस्थापक/सर्वसाधारण समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धित बैंकले नै हक हस्तान्तरण गर्न सक्नेछ ।

ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ । सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा गरेको हुनुपर्ने । सो का अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।

घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।

- हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बैंकमा पेश गर्नुपर्नेछ ।
- यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी विकास बैंकले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
- यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बैंकले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ ।

ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि विकास बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बैंक वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

**लेखापरिक्षक तथा कम्पनी सचिवको नामनामेसी :**

आ.व.२०७२/०७३ को आम्दानी खर्चको हिसाबको लेखापरिक्षण श्री ए वंशल एण्ड एशोसिएटस चाटर्ड एकाउण्टटेन्टसका सि ए.अश्विनी वंशलले गर्नुभएको हो ।

श्री बैजुनाथ ठाकुर यस विकास बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**वित्तीय विवरण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) प्रक्षेपण गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस वित्तीय विवरण तयार पार्ने व्यवसायिक संस्था विकास बैंक स्वयं रहेको छ । प्रक्षेपित वित्तीय विवरणहरु विकास बैंकले आर्जन गरेको मुनाफा तथा विकास बैंकको शेयरको हालको बजार मूल्य सो शेयरको अङ्कित मूल्य भन्दा बढी रहेको कारण पूर्ण रुपले बिक्री हुने पृष्ठभूमिमा गरिएको हो । कुनै कारणवस शेयरहरु पूर्णरुपमा बिक्री नभएमा संकलित पूँजीको आधारमा प्रचलित कानून अनुसार कर्जा तथा लगानीमा वित्तीय स्रोत परिचालन हुनेछ ।

यस विवरणमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, विकास बैंकको हालको दक्षता र विकास बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री ए बंशल एण्ड एशोसिएटस, चार्टड एकाउण्टेण्टसका सि ए अश्विनी बंशलबाट भएको छ ।

**यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं रहेको छ ।

**यस हकप्रद शेयर निष्काशन गर्ने निष्काशन तथा बिक्री प्रवन्धकको नाम तथा ठेगाना :**

यस हकप्रद शेयर निष्काशन कार्यको लागि व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं रहेको छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

क) प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन ।
ख) नेपाल राष्ट्र बैंकले निर्देशन दिए अनुरुप विकास बैंकको भविष्यमा पूँजी कोष अपर्याप्त हुने देखिएकोले समयमा नै हकप्रद शेयर जारी गर्नुपर्ने ।
ग) बढ्दो प्रतिस्पर्धाको सामना गर्न विकास बैंकलाई सक्षम बनाई कारोवार बृद्धि गर्न तथा ग्राहकहरुको बैंक प्रतिको विश्वसनियतालाई बृद्धि गर्न ।
घ) बैंकको व्यवसाय विस्तारको लागि आवश्यक पूँजीको व्यवस्था गर्न ।

हकप्रद शेयर जारी गरे पश्चात प्राप्त हुने रकमलाई देहाय अनुसार खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

| शीर्षक | अनुमानित रकम (रु. हजारमा) |
|---|---|
| कर्जा लगानी | २५,००,००,००० |
| ऋणपत्र तथा बचत पत्रमा लगानी | २,००,००,००० |
| बैंक तथा वित्तीय संस्थामा जम्मा | ५,१०,००,००० |
| **जम्मा** | ३२,१०,००,००० |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अबधि कम्तीमा पैंतीस दिन हुनेछ । उक्त अबधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुको साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

क) कन्काई विकास बैंक लिमिटेड, दमक, झापा र यसका शाखा कार्यालयहरु झापा जिल्लाको दमक, काकडभिट्टा, विर्तामोड, झिलझिले, गौरादह र राजगढमा, मोरङ जिल्लाको पथरी, खोर्साने र विराटनगरमा र इलाम जिल्लाको राँके, मंगलवारे र विब्ल्याँटे ।

ख) सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं

ग) सिद्धार्थ बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरु

घ) उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त बैंक तथा वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

ङ) दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

**(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

विकास बैंकले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण बैंकको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बैंकका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको विकास बैंकको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ असार मसान्तभित्र न्यूनतम पूँजी बृद्धि गरिसक्नुपर्ने गरि निर्देशन दिएको सन्दर्भमा देहायका शर्तहरु पूरा गरेको भनी यस बैंकको स्वघोषणा रहेको छ ।

**१. अंकित मूल्यमा हकप्रद शेयर निष्कासन गरेको हुनुपर्ने : अंकित मूल्य रु.१००/- मा हकप्रद शेयर निष्काशन गरिएको ।**

**२. प्रति शेयर नेटवर्थ रु.१००/- भन्दा बढी भएको हुनुपर्ने : आ.व. २०७३/०७४ पौष मसान्त सम्म प्रति शेयर नेटवर्थ रु १३०.७५ रहेको ।**

**३. अंकित मूल्यभन्दा बजार मूल्य बढी भएको हुनुपर्ने : २०७४ माघ महिनामा न्यूनतम शेयर मूल्य रु ५१०/- रहेको ।**

**४. विगत पाँच वर्षदेखि संचालनमा रही कम्तीमा तीन वर्ष नाफामा संचालित भएको हुनुपर्नेछ र संचित नोक्सान हुन नहुने : आ.व.२०७०/०७१ मा खुद नाफा.रु. १९,११९ हजार, आ.व.२०७१/०७२ मा खुद नाफा रु.२६,५६१ हजार र आ.व.२०७२/०७३ मा खुद नाफा रु.३३,२८८ हजार रहेको र संचित नोक्सानी नभएको ।**

**५.** NPA (Non Performing Assets) **नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र हुनुपर्ने : आ.व. २०७३/०७४ पौष मसान्त सम्ममा NPA 0.41% रहेको ।**

**६. पूँजी बृद्धि गरिएको सम्वन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको हुनुपर्ने : मिति २०७३।०९।१९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको ।**

**(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण**

| विकास बैंकको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७२/२०७३ | ५६५ | २७५ | ५३९ | ८५,१५९ |
| २०७१/२०७२ | ३१४ | १६६ | २९५ | ४१,०७३ |
| २०७०/२०७१ | २०० | ७९ | १८८ | २१,१७७ |

| विकास बैंकको विगत तीन महिनाको शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| महिना | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| चैत्र | ५९४ | ४८० | ५८७ | १६,१९८ |
| वैशाख | ७०५ | ५४८ | ५८५ | ७२,७९० |
| जेष्ठ | ६२४ | ५५५ | ५५५ | ७४,८६० |

**नोटः** विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

**अन्य :**

**(क) धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्वन्धमा :**
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र साविक शेयरधनीहरुमा निष्कासन भई बाँडफाँड भए पश्चात सिडिएसमा दर्ता गराई धितोपत्र अभौतिक रुपमा समेत उपलव्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्ने छ ।

**(ख)** धितोपत्र निष्कासनको क्रममा धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरण लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्कासन तथा विक्री प्रवन्धकको website:www.siddharthacapital.comतथा निष्कासन बैंकको website: www.kankaibank.com.np मा राख्ने व्यवस्था गरिनेछ ।

**(ग)** धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरण सार्वजनिक निष्कासनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलव्ध गराइने छ ।

**(ष) यस "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | सेवक दाहाल | अध्यक्ष | |
| २ | गुणराज अधिकारी | संचालक | |
| ३ | डा.मुक्तिनाथ भट्टराई | संचालक | |
| ४ | बसन्त पौडेल | संचालक | |
| ५ | अरुण कुमार अधिकारी | संचालक | |
| ६ | प्रेम प्रसाद सुवेदी | संचालक | |

**(स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।